फोन नं. ०७५-५२०१४५

लुम्बिनी प्रदेश सरकार
कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय
पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय
भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, पाल्पा

प्रस्ताव अव्हानको सूचना

२०८३/८४ सूचना नं. २ **मिति २०८३/०७/१९**

यस विज्ञ केन्द्रको आ.व.२०८३/८४ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार तपशिलका कार्यक्रमहरु संचालन गर्नुपर्ने भएकोले ईच्छुक कृषक समूह, कृषि सहकारी, कृषि फर्म तथा कम्पनीहरुले यो सुचना प्रकाशन भएको मितिले २१ दिन भित्र यस केन्द्रमा तपशिलका आवश्यक कागजातहरु सहित आवेदन पेश गर्नु हुन सम्बन्धित सबैमा जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ। प्रस्तावनाको साथमा पेश गर्नु पर्ने निवेदन/प्रस्तावनाको ढाँचा,संलग्न गर्नु पर्ने कागजातहरु र मापदण्ड यस कार्यालयको वेवसाइड *vethospalpa.lumbini.gov.np* वाट पनि प्राप्त गर्न सकिनेछ। रित नपुगेका वा म्याद नाघि आएका प्रस्तावहरु छनौटका लागि समावेश नहुने व्यहोरा समेत अनुरोध छ।

क्र.स.	कार्यक्रमको नाम	संचालन हुने स्थान	संचलन गर्न सकिने कृयाकलापहरु	न्यूनतम कार्यक्रम संचालनको मापदण्ड	अनुदानको सिमा
१	डेरि तथा मासु पसल सुधार संख्या-२ ,वजेट रु. २ लाख	जिल्ला भर	• आवश्यक भौतिक पूर्वाधार निर्माण/सुधार,मेशिनरी /औजार/उपकरण तथा समाग्री र अन्य व्यवस्थापन।	• डेरि पसल, मासु पसलको हकमा क्रमश १००लिटर दुध र ५० केजी. मासु कारोवार हुनुपर्ने। • भाडामा लिई व्यवसाय संचालन गरेको हकमा कम्तिमा ५ वर्षको करारनामा पेश गर्नु पर्ने। • अनुसूची १८,१९,२०र २१ अनुसारको मापदण्ड पूरा गरेको हुनु पर्ने।	प्रति योजना ५० प्रतिशत वा अधिकतम रु. १ लाख अनुदान दिन सकिने।
२	मागमा आधारित पशुपंक्षी तथा मत्स्य विकास कार्यक्रम ,वजेट रु. ११ लाख	जिल्ला भर	• पशुपंक्षीजन्य पदार्थको उत्पादन उत्पादकत्व वृद्धि,वजारीकरण,प्रशोधन तथा विविधिकरणमा टेवा पुग्ने गरि कार्यक्रम संचालन गर्नु पर्ने छ।	• माउ वाख्रा-१० • माउ गाई-३ • माउ भैसी-२ • वगुर-१० • पाडापाडीपालन-१० • ग्रामिण कुखुरा/हाँस-३०० • मत्स्यपालन-१ रोपनी हुनु पर्ने।	प्रति आयोजना प्रति अनुदान ग्राही रु. १ लाखमा नवढ्ने गरि अधिकतम ५० प्रतिशत अनुदान सहयोग।

३.	सहकारी मार्फत पशुपंक्षी तथा मत्स्य प्रवर्द्धन कार्यक्रम -५ लाख	जिल्ला भर	• कृषि सहकारी मार्फत पशुपंक्षी तथा मत्स्य प्रवर्द्धन कार्यक्रम हुने गरि पशुपंक्षीजन्य उत्पादन प्रशोधन ,पशु स्वास्थ्य,नश्ल सुधार,वजारिकरण,क्षमता विकास मेशेनरि उपकरण सामाग्रिमा सहयोग।	• दैनिक कम्तिमा ३०० लि दुधको कारोवार गरेको हुनु पर्ने । • मासुको हकमा वार्षिक कम्तिमा ३०० वोकाखसी/१०० वंगुर /५० राँगाभैसी कारोवार गर्ने। • माछाको हकमा वार्षिक १०० मे.ट. कारोवार गर्ने। • कानुनी रुपमा समस्याग्रस्त नभएका वा कालो सूचिमा नरहेको सहकारी संघ,संस्था हुन पर्ने ।	विनियोजित वजेटको परिधि भित्र रहि अधिकतम ५० प्रतिशत अनुदान सहयोग प्रवाह गरिने छ।

<u>संलग्न गर्नु पर्ने कागजातहरू:</u>

१. प्रस्तावकको निवेदन। (अनुसूची २३ बमोजिम)
२. दर्ता/नविकरण भएको प्रमाण-पत्रको प्रतिलिपि (समूह/निजी फर्म/कम्पनी/सहकारी)।
३. स्थायी लेखा नम्बर प्रमाण-पत्र तथा गत आर्थिक वर्षको कर चुक्ता प्रमाण-पत्रको प्रतिलिपि।
४. कृषक तथा कृषक समूहको हकमा स्थायी लेखा नम्बर, प्रमाण-पत्रको प्रतिलिपि (छनोट भएमा सम्झौता पूर्व पेश गर्नु पर्ने)।
५. कार्यक्रम सञ्चालनको लागि व्यावसायिक कार्ययोजना सहितको प्रस्ताव – पशुपंक्षी तर्फ अनुसूची-२५ र सहकारि तर्फ अनुसूची-२६ बमोजिमको कार्य योजनाको ढाँचामा प्रस्ताव पेश गर्नु पर्ने छ।
६. सम्बन्धित स्थानीय तहको सिफारिस पत्र।
७. प्रस्ताव स्वीकृत गरी अनुदान माग गर्न गरिएको निर्णयको प्रतिलिपि।
८. प्रस्ताव पेश गर्नेको नागरिकताको प्रतिलिपि।
९. निर्माण गरिने पूर्वाधारको हकमा लागत अनुमान तथा नक्सा।

जग्गा धनी दर्ता प्रमाण-पुर्जाको प्रतिलिपि वा जग्गा भाडामा लिई कार्यक्रम सञ्चालन गर्नेको हकमा १० वर्ष वा तोकिएको अवधिको करार पत्र)।

नोट:- संपर्कका लागि ०७५५२०१४५/५२२०३२ र ९८५७०६०८३६

वि. प्रमुख